आज मिति २०८३ साल वैशाख महिनाको २३ गते ठीक १०:०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको १०७ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थितिहरु :-</u>

१. अध्यक्ष श्री मुक्त बहादुर सारु
२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ
३. सदस्य श्री यम बहादुर राना
४. सदस्य श्री फत्ते सिं दर्लामी
५. सदस्य श्री नविन्द्र थापा सोती
६. सदस्य श्री सन्तविर सुनारी
७. सदस्य श्री दुर्गा बहादुर सोमै
८. सदस्य श्री मेख बहादुर सुनारी
९. सदस्य श्री मुक्त बहादुर पाटा
१०. सदस्य श्री हेम कुमारी सुनारी
११. सदस्य श्री देवीसरा सोमै
१२. सदस्य श्री मिम्श्री बयम्बु
१३. सदस्य श्री खुमीसरा पुलामी
१४. सदस्य श्री रिकलाल कामी
१५. सदस्य श्री खुम बहादुर वि.क.
१६. सचिव श्री पूर्ण बहादुर चितौरे

<u>अन्य सहयोगी कर्मचारी</u>

लेखा अधिकृत श्री सरोज काफ्ले
का.स.श्री शोभा कुमारी फाल

मिति २०८२।०१।२३ गतेका दिन ठीक १०:०० बजे बसेको निस्दी गाउँपालिकाको १०७ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१,समिक्षा तथा रिपोटिङ सम्बन्धमा ।

२,वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना सम्बन्धमा ।

३, घाट सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा।

४,अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयन अनुदान कार्यविधि २०८३ पारित सम्बन्धमा ।

५,आचारसंहिता कार्यान्वयन सम्बन्धमा ।

६,शोक प्रस्ताव पारित सम्बन्धमा ।

मिति २०८२।०१।२३ गते बसेको निस्दी गाउँपालिकाको १०७ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो साथै देहाय बमोजिमका आयोजनाहरुको अनुगमन गरिएको र सो बारे समिक्षा गरियो ।

- सनिसरा गल्धाफाँट केवरापानी नामसुर्घा रिङ्दी वाङखरक मो.बा.

२.आगामी आ.व.२०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमाको लागि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

३.नदिजन्य पदार्थ उत्खन्नको लागि तेस्रो पटक ठेक्का आह्वान गरिएको यस निस्दी गाउँपालिका वडा नं. १ अन्तर्गतको कालीगण्डकी भोटाहा घाट ( सिमलको रुख क्षेत्र) र वडा नं. २ अन्तर्गतको कुदहर खोला दोभान घाटमा कुनै ठेक्का नपरेकोले उक्त घाटहरुमा निकालिने नदिजन्य पदार्थ ढुङ्गा,गिट्टी,बालुवा वापतको राजस्व संकलनको जिम्मा वडा अध्यक्ष र वडा सचिव मूख्य जिम्मेवारी रहने गरी वडा कार्यालयलाई जिम्मा दिने सर्वसम्मत निर्णय गरियो ।

४.यस निस्दी गाउँपालिका अन्तर्गत आधारभुत तह ( कक्षा १-८ )को विद्यालयहरुमा शिक्षा अनिवार्य र नि:शुल्क गराउने उद्धेश्यले अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयन अनुदान कार्यविधि २०८३ पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

५.विद्यालयमा बाल अधिकार संरक्षण समिति गठन काम कर्तव्य तथा बाल सुरक्षा नीति कार्यान्वयन कार्यविधि,२०८२ बमोजिम देहायका आचारसंहिता जारी गर्ने र कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

-पालिका भित्र कार्यरत कार्यालय तथा संघ संस्थाहरुको लागि आचारसंहिता

-समुदायको लागि आचारसंहिता

-बालबालिकाको लागि आचारसंहिता

-शैक्षिक संस्थाहरुको लागि आचारसंहिता

६.यस निस्दी गाउँपालिका वडा नं.१ का वडा अध्यक्ष श्री यम बहादुर रानाको सुपुत्र श्री खेम बहादुर रानाको स्वास्थ्य उपचारको क्रममा मिति २०८३।०१।१९ गते असमायिक निधन भएकोमा हार्दिक श्रद्धाञ्जली सहित शोक प्रस्ताव पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।